# आर्थिक बर्ष २०८३/८४ को बजेट बक्तव्य

## महाराजगंज नगरपालिका
## कपिलवस्तु
## २०८३

महाराजगंज नगरपालिकाको १९औं नगरसभाको बैठकमा २०८३ साल असार ९ गते नगर प्रमुख श्री अब्दुल कलामद्धारा
प्रस्तुत

आर्थिक बर्ष २०८३/८४ को
बजेट बक्तव्य

**महाराजगंज नगरपालिका**
नगरपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**श्रदेय नगरसभाका उपाध्यक्ष तथा सभा सदस्यज्यूहरु**

१. यस गरिमामय सभामा नगरपालिकाको नगर प्रमुखको हैसियतले महाराजगंज नगरपालिकाको नगरसभाका तर्फबाट आथिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा गौरवान्वित महशुस गरेको छु ।

२. नगरपालिकाको यस उन्नाईसौ नगरसभामा यहाँहरु सवैमा हार्दिक स्वागत गर्न चाहन्छु । नगरवासी आम दाजुभाई दिदिवहिनी समाजसेवी व्यक्तित्व र राजनीतिक नेतृत्व प्रति पनि सम्मान प्रकट गर्न चाहन्छु ।

३. यस अवसरमा मुलुकका विभिन्न आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षलाई स्मरण गर्दै जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने शहीदहरु र गत वर्ष जेन जेड आन्दोलनमा आफ्नो अमुल्य जीवन वलिदान गर्ने महान सहिद प्रति उच्च सम्मान र हार्दिक श्रदाञ्जली व्यक्त गर्दै घाइते नागरिकहरुको शिघ्र स्वास्थ लाभको कामना गर्न चाहान्छु साथै

४. यस नगरपालिकामा प्रथम ऐतिहासिक कार्य सम्पादन गरी महत्वपुर्ण योगदान गर्नु हुने पुर्व नगर उप प्रमुख श्री शुभावती कुर्मी, पुर्व महिला सदस्य मन्जु कुर्मी, पुर्व वडा सदस्य कल्लु अहिर, वडा सदस्य बिरबल अहिर, वडा सदस्य पटेश्वरी प्रसाद चौधरी र जिल्ला समन्वय समितिका सदस्य तेज वहादुर रायमाझी समेतलाई स्मरण गर्दै चिरशान्तीको कामना गर्दछु ।

५. सन २१०० सम्म नेपालको अति अल्प विकसीत मुलुकवाट विकाससील मुलुकमा स्तरोन्नति गर्न नेपाल सरकारले लिएको **"समृद्ध नेपाल सुखी नेपाली"** को परिकल्पना पुरा गर्ने अभियानमा हामी स्थानीय तह हरपल लागिरहेका छौं ।

नगरपालिकाले आफ्ना वार्षिक गतिविधि नियमित सञ्चालन गर्दै स्वास्थ, पुर्वाधार विकास लगायतका विकासका गतिविधिमा उच्च सुधार सहितको नतिजा क्रमश आउदै गरेको छ । हामीबाट गरिएका प्रतिवद्धता आगामी आर्थिक बर्षमा पुरा गर्ने कार्यमा दृढ रहेको समेत यस गरिमामय सभामा जानकारी गराउदछु ।

**नगरसभाका उपाध्यक्ष एवं सभा सदस्यज्यूहरु**

६. **समृद्ध नगर सुखी नगरवासी** भन्ने नारालाई सार्थक बनाउन आगामी आर्थिक बर्ष २०८३/८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय, प्रादेशिक र स्थानीय कानुनहरु, दिगो विकासको लक्ष्यहरुका अतिरिक्त आर्थिक विकास र सामाजिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक र सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने, समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने, स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने, विभिन्न क्षेत्रका ब्यक्ति तथा संघ संस्थाहरुसंग भएको छलफल तथा अन्तरक्रिया र हामीहरुले जनताहरुसंग गरेको प्रतिबद्धताहरुलाई प्राथमिकता दिई योजना तर्जुमा गर्ने विगतको प्रयासलाई निरन्तरता दिन प्रयास गरेको छु ।

**आर्थिक बर्ष २०८२/८३ को समिक्षा**

७. यस नगरपालिकाले चालु आर्थिक बर्षमा स्वीकृत बार्षिक कार्यक्रम तोकिएको लागत अनुमान र समयावधिमा कार्य सम्पादन गर्न प्रयास गरिरहेको छ । जेन जेड युवाहरुको आन्दोलन र विश्व बजारमा कच्चा पदार्थमा भएको अत्याधिक

मुल्य बृद्धिका कारण पर्याप्त मात्रामा कच्चा पदार्थ उपलब्ध हुन नसक्दा केही योजना सम्पन्न हुन नसकेको र केही क्रमगत योजनाका रुपमा आगामी वर्षमा समेत समावेश गर्नुपरेको अवस्था विद्यमान छ तथापि सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी, स्थानीय आमनागरिक सवैको सहभागितामा प्रस्तुत बजेट नीति तथा कार्यक्रम कार्यान्वयनमा पुर्ण सफल हुने आशाका साथ चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

८. हामी निर्वाचित भई कार्य सम्पादन गरेको चौथो बर्षको अवधिमा नगरपालिकाले लिएको दिर्घकालिन सोचका कारण नै सडक पुर्वाधार, विद्यालय भवन, स्वास्थ्य चौकी भवन लगायतका पुर्वाधारमा ठुलो उपलब्धी हासिल गरेका छौं ।

९. जसमध्ये चालु आर्थिक बर्षमा स्थानीय पूवाधार विकास सहयोग कार्यक्रम अन्तर्गत ६ वटा पक्की सडकहरु निर्माणको अन्तिम चरणमा रहेका छन, जसले विगत लामो समयदेखिको यातायात असुविधालाई सहजता प्रदान गर्नेछ ।

१०. चमरसठ, पल्टा, ननमहरा उदयपुर सिसवा तकियवा सडक स्तरोन्नतीको ठेक्का भई निर्माणाधीन चरणमा रहेको छ।आगमी आर्थिक बर्षमा उक्त योजना सम्पन्न गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

११. नगरपालिका देखि भारतको सिमानाका सम्म जोड्ने मुख्यमार्गको रुपमा रहेको शिवभारी कलभर्टको दक्षिण देखी भारत सिमा सम्म सडक स्तरोन्नती कार्य अन्तिम चरणमा पुगी जनतालाई सहज यात्राको साध्य वन्न पुगेको छ साथै, गौतमबुद्ध आधारभुत विद्यालय, विजयनगर, राधेश्याम आधारभुत विद्यालय, जमुनी र

शिवपुर पल्टा आधारभुत विद्यालय, पल्टा र मदरशा उलुमको अधुरो भवन निर्माणको अन्तिम चरणमा छन।

१२. स्वास्थ्यतर्फ यसै नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको नगर अस्पतालवाट सेवा प्रवाह सुचारु गरिएको छ । जसमा आगामी दिनमा सामान्य शल्यक्रिया र विशेषज्ञ सेवा सहितको सुविधा उपलब्ध गराउने गरी संघीय सरकार र यस नगरपालिका प्रतिवद्ध गरेको समेत जानकारी गराउदछु ।साथै चालु आर्थिक बर्षमा वडा नं ६ लाइ पूर्ण संस्थागत प्रसुती वडा घोषणा र भलवारी स्वास्थ्य चौकीलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिएको, नगरपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ ।

१३. उपचारात्मक सेवा तर्फ वडा नं ५, ७ र ९ मा एकीकृत शिविर संचालन गरी १०५१ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको, महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सरको सुरुवाती लक्षण पत्ता लगाउन VIA (Visual Inspection with Acetic Acid ) शिविर संचालन गरी २८० जना महिलाहरुको स्वास्थ्य परिक्षण समेत गरिएको, वडा नं ३ जमुनी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कुपोषण भएका बालबालिकालाई नियमित अनुगमन सहित उपचार तथा पोषण सेवा प्रदान गर्न OTC केन्द्रको स्थापना गरिएको, वडा नं १, २, ४ ,६ र ११ मा आखा शिविर संचालन गरिएको, हात्तीपाईले रोग नियन्त्रणका लागि आम औषधि सेवन कार्यक्रम सफलतापूर्वक संचालन गरिएको, AI एक्सरेबाट १३०८ जनामा परिक्षण गरी ५० जना क्षयरोगी निदान गरी उपचार सुरु गरिएको, राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रम अन्तर्गत ६ महिना देखि ५ वर्ष सम्मका ३३६२ जना बालबालिकाको जाँच गर्दा

२६१ जना मध्यम कुपोषित तथा ७८ जना कडा कुपोषित बालबालिका निदान गरी उपचारमा ल्याएको, नसर्ने रोगहरुको पहिचानको लागि एक महिने अभियान संचालन गरिएको, विपन्न नागरिकहरुलाई दीर्घ रोग सिफारिस अन्तर्गत क्यान्सर रोग २७ जना, मुटु रोगको ४९ जना, मृर्गौला रोग ५ जना गरी कुल ८१ जनालाई सिफारिस गरिएकोमा क्यान्सर रोगी २४ जना र मृर्गौला रोग २ जना गरी जम्मा २६ जना विरामीले मासिक रु ५००० पाएको अवस्था छ ।

**नगरपालिकाको समग्र विश्लेशण**

**क) सवल पक्ष**

१४. नगरपालिकाको सेवा प्रवाहलाई आधुनिक सूचनाप्रविधि मैत्री वनाईएको छ । जसमा सुत्र, पाम्स, राजश्व मोडियुल, आई.ई.एम.आई.एस, एच.आई.एम.एस. र विद्युतिय हाजिर प्रणाली लागु गरी सुशासनको आधारस्तम्भ खडा गरिएको छ ।

१५. **"एक स्थानीय तह एक आधारभुत अस्पताल"** परिकल्पना साकार पार्न नगरपालिका सफल भएको छ ।आगामी समयमा पुर्णरुपमा सेवा प्रवाह भई नागरिकको विश्वास गरिएको छ ।

१६. नगरपालिकाको आय ठेक्काको मुख्य स्रोत नदीजन्य पदार्थको ठेक्का नियमित रुपमा संचालन भई राजश्व संकलनमा योगदान पुगेको छ ।

१७. जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्वन्ध विच्छेद जस्ता सामान्य घटना दर्ताका कार्य अनलाईन प्रणालीवाट सेवा दिईएको छ ।

**ख) कमजोर पक्ष**

१८. गत भाद्र २३-२४ गते भएको जेन जेड आन्दोलन र विश्व वजारमा भएको सामान आपुर्ति न्यूनताको कारण अधिकांश योजना तथा आयोजना सञ्चालनमा कठिनाई देखियो ।नगरबाट सञ्चालित आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिमा बस्न इच्छुक नागरिकहरु ज्यादै कम देखिएको र जनश्रमदान गर्ने परिपाठी क्रमश घट्दै गएको हुंदा उपभोक्ता समिति गठन भई नगरपालिकामा सम्झौता भएका योजनाहरु समेत कार्यान्वयनमा समस्या देखिएको, नगरपालिकाका आम नागरिकलाई श्रममैत्री तवरले उपभोक्ता समिति मार्फत कार्य सम्पादन गर्नु ज्यादै कठिन एवं चुनौतीको विषय बनेको, विकास प्रतिको सामाजिक दृष्टिकोण र चेतनाका न्युन रहेको अवस्था छ । नगरपालिकालाई तिर्नुपर्ने कर, दस्तुर तथा राजश्व समयमा नै बुझाउनु पर्छ भन्ने भावना तथा बानीको विकास अझै पनि गर्न सकिएको छैन ।संघीय सरकारको निर्णयानुसार नगरपालिकामा कार्यरत कर्मचारीलाई सेवावाट हटाउनुपर्ने अवस्था सृजना भएको र लोकसेवा आयोगवाट तत्काल कर्मचारी पदपुर्ति भई पदस्थापना हुन नसकेको अवस्था न्युन कर्मचारीवाट सेवा प्रवाह गर्नु जटिल विषय वनेको छ ।

**ग। अवसर**

**नगरसभाका उपाध्यक्ष एवं सभा सदस्यज्यूहरु**

१९. माथि उल्लेखित समस्याहरुका वावजुद हामीलाई केहि सुनौला अवसर प्राप्त छन जुन म यहाँ उल्लेख गर्दछु ।

क। नगरपालिका न्यून मात्रामा कर्मचारी कार्यरत रहदा रहदै पनि तोकिएको समयमा जनतालाई सेवा प्रवाह गरिएको छ ।

ख. नगरका अधिकांश सडक कालोपत्रे भई जनताको आवागमनलाई सहज पुर्याउन सकिएको छ ।

ग. अधिकाँश विद्यालयका भवन वालमैत्री तथा अपाङ्गमैत्री रुपमा निर्माण भएका छन, विद्यालयमा भएको फर्निचरको अभावलाई चालु आ. ब. मा पुरा गरिएको छ ।

घ. नगरपालिका भित्रका प्रत्येक वडामा कृषि तथा पशु प्राविधिक कर्मचारीको व्यवस्थापन मिलाई किसानका समस्या वडास्तरमा नै समाधान हुने अवसर सृजना भएको छ ।साथै अधिकाँश जमिनको माटो परिक्षण कार्य सम्पन्न भई माटोको अवस्था अनुसार उपयुक्त खेती गरी आय आर्जन वृद्धि गर्न सकिने अवस्था सृजना भएको छ ।

**घ. चूनौती**

**नगरसभाका उपाध्यक्ष एवं सभा सदस्यज्यूहरु**

क. नगरपालिकाभित्र उद्योग व्यवसाय संचालन गरेका अधिकाँश करदाताहरुलाई करको दायरामा ल्याउन सकिएको छैन,

ख. उपभोक्ता समितिमा रही कार्यसम्पादन गर्न इच्छुक पदाधिकारी कम हुदै गएकोले योजनाको दीर्घकालिन सञ्चालन एवं मर्मत संभारमा चुनौती सृजना भएको छ ।

ग. नगरपालिकाको अधिकाँश कृषियोग्य जमीनमा भरपर्दो सिंचाई सुविधाको अभावका कारण खेतीयोग्य जमीन बाँझो रहन पुगेको अवस्था छ ।

घ. न्यून आन्तरिक श्रोत र केन्द्रको सिमित वजेटका भरमा जनताका असिमित आवश्यकता पुरा गर्नु नगरपालिकाको विषेश चुनौतीको विषय वनेको छ ।

**आगामी आ.व. २०८३/८४ को नीति, बजेट तथा कार्यक्रम**

**२०. सोच**

**"<u>समृद्ध नगर सुखी नगरवासी</u>"** भन्ने नारालाई यर्थाथतामा ल्याई समृद्द महाराजगंज निर्माण गर्ने ।

**२१. लक्ष्य**

पर्यटन र गुणस्तरीय शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र नगरपालिकाका सबै वडालाई सडक सञ्जालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारिकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जीवनस्तरमा सुधार ल्याउनु ।

**२२. उदेश्य**

यस बजेटका उद्धेश्यहरु निम्नानुसार लिईएको छ ।

१. नगरपालिकाले गत विगत वर्षमा स्वीकृत गरी संचालनमा ल्याएका क्रमागत तथा अधुरा योजनाहरुलाई निरन्तरता दिदै सम्पन्न गर्ने,

२. नगरपालिका भित्रका गौरवका आयोजनाहरुलाई प्राथिमिकता दिने,

३. शैक्षिक गुणस्तरलाई प्राथमिकता दिदै विद्यालय वाहिर रहेका वालवालिकालाई विद्यालयमा आवद्ध गराउने, विद्यार्थी र शिक्षक विचको अनुपात उच्च रहेका विद्यालयलाई स्वयंसेवक शिक्षकको व्यवस्था मिलाई स्थानीय रोजगार सृजना गर्ने,

४. नगरपालिकामा न्यूनतम आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्यमा सवै नागरिकको पहुँच अभिवृद्धि गर्ने र

५. नगरपालिकामा सुचीकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारको प्रत्याभुति गर्ने,

**नगरसभाका उपाध्यक्ष तथा सभा सदस्यज्यूहरु**

२३. अव म आगामी आर्थिक बर्ष २०८३/८४ का लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु। महाराजगंज नगरपालिकाको आगामी वर्षका लागि आयतर्फ संघीय सरकारवाट वित्तिय समानीकरणतर्फ रु १४ करोड ८६ लाख, राजश्व वाडफाडवाट रु १३ करोड ४२ लाख, सशर्त अनुदान ३५ करोड ४५ लाख, विषेश अनुदान १ करोड ७९ लाख, समपुरक अनुदान १ करोड ३९ लाख, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरणतर्फ रु १ करोड ०२ लाख, सशर्त अनुदानतर्फ ३५ लाख, सवारी साधन कर वापत रु १ करोड २९ लाख, विषेश अनुदान २१ लाख र समपुरक अनुदान १ करोड २० लाख, स्थानीय तह वित्तिय हस्तानतरणमा रु ९५ लाख र आन्तरीक आय गरी कुल जम्मा रकम **रु ८१ करोड ९३ लाख ७२हजार रुपैया** (सामाजिक सुरक्षा भत्ता वाहेक) यस नगरपालिकाको संचित कोषमा प्राप्त हुने अनुमान गरेको छु ।

२४. विनियोजनतर्फ चालुमा रु ५८ करोड ५५ लाख र पुँजीगतमा रु २३ करोड १२ लाख रुपैया रकम विनियोजन गरेको छु । चालुतर्फ विनियोजित रकममा सेवा प्रवाह, तलव भत्ता लगायतका कार्यका चालु प्रकृतिका कार्यका लागि १५ करोड ५४ लाख, नगर स्वयंसेवक शिक्षक व्यवस्थापनका लागि ३० लाख,

विषयगत शाखावाट संचालित हुने कार्यका लागि ३ करोड ७५ लाख, वडातर्फ प्रति वडा रु ७० लाखका दरले ११ वडामा ७ करोड ७० लाख, प्रदेश सरकार र संघीय सरकारका साझेदारी कार्यक्रममा लागि ३ करोड ७० लाख र गत विगत बर्षको दायित्व भुक्तानीका लागि अनुमानित ८ करोड ७० लाख विनियोजन गरी नगरपालिकाको संचित कोषवाट खर्च गर्ने गरी विनियोजन गरेको जानकारी गराउँदछु ।

**नगरसभा उपाध्यक्ष एवं सभासदस्यज्यूहरु**

**अन्त्यमा,**

२५. यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर उपप्रमुखज्यू, विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।बजेटको सिद्धान्त र प्राथमिकतामा छलफल गर्दा सुझाव समितिका पदाधिकारीज्यूहरु एवं नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सवै कर्मचारी मित्रहरु प्रति सुझावका लागि आभारी छु ।आमागी आर्थिक बर्षको यो बजेट कार्यान्वयमा सवै पक्षको सहयोग रहने अपेक्षा गरेको छु साथै नगरपालिका भित्र रहनु भएका वा बाहिर रहनु भएका सवै स्थानीय आमा बुवा, दाजु भाई, दिदि वहिनीहरु, सवै राजनीतिक दलका पदाधिकारीज्यूहरु, सवै पेशा वर्ग र क्षेत्रमा आवद्ध आम जनसमुदायमा समृद्ध महाराजगंज निर्माणको यस महान अभियानमा साथ दिनुहुनेछ भन्ने अपेक्षा राख्दछु ।

**धन्यवाद**